# काठमाडौं महानगरपालिका

## यँ महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

काठमाडौं प्लाजा, कमलादी, काठमाडौं, बागमती प्रदेश, नेपाल

प्रशासन विभाग

पत्र संख्याः २०८३/०८४

चलानी नं.:

---

**मिति २०८३/०६/३०**

**ने.सं.११४६ कौलाथ्व खस्थि शुक्रबार**

**श्री वडा कार्यालयहरू,**
**१,५,७,८,९,११, २२,२३,२४,२७,३०,२९,२८,**
**काठमाडौं महानगरपालिका।**

**विषयः काठमाडौं म्याराथन २०८३ को रुट सरसफाइ तथा धावकहरूको स्वागत-सत्कार सम्बन्धमा।**

प्रस्तुत विषयमा काठमाडौं महानगरपालिकाको गौरवमय आयोजनामा आगामी दिनमा सम्पन्न हुन गइरहेको **"काठमाडौं फिल्म फेस्टिभल २०२६"** को प्रारम्भिक (Pre-event) कार्यक्रमको रूपमा आगामी **मिति २०८३ साल कार्तिक ८ गते** आइतबार बिहान ५:३० बजेका दिन बृहत् **"काठमाडौं म्याराथन २०८३"** आयोजना हुन गइरहेको बेहोरा सर्वविदितै छ । यस प्रतिष्ठित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताको दौड मार्ग (रुट) त्यस वडा कार्यालयको भौगोलिक क्षेत्रभित्र समेत पर्ने भएको छ । महानगरपालिकाको साख र आतिथ्य सत्कारलाई उच्च राख्न म्याराथन हुनु अगावै आ-आफ्नो वडा क्षेत्रमा पर्ने रुटहरूको पूर्ण सरसफाइ (Route Cleaning) गर्न र दौडको दिन बिहान धावकहरूलाई प्रोत्साहन तथा आवश्यक स्वागत-सत्कार (Welcoming & Cheering) को व्यवस्था मिलाउनु हुन अनुरोध गरिन्छ ।
त्यसका लागि वडा क्षेत्र भित्र पर्ने मुख्य स्थानहरू र जिम्मेवारी निम्नानुसार तोकिएको छः

**तपसिलः वडा क्षेत्र भित्र पर्ने स्थान र जिम्मेवारी विवरण**

| **क्र.सं.** | **सम्बन्धित वडा कार्यालयहरू** | **वडा क्षेत्र भित्र पर्ने मुख्य स्थानहरू** | **मुख्य जिम्मेवारी तथा कार्य विवरण** |
|---|---|---|---|
| १ | **वडा नं. २४,२७** | इन्द्रचोक, असन | प्रस्थान विन्दु बसन्तपुरबाट इन्द्रचोक हुँदै असन क्षेत्र विशेष सरसफाइ गर्ने, स्वागत ब्यानर राख्ने र नगर प्रहरीसँग समन्वय गरी मार्ग चुस्त राख्ने। |
| २ | **वडा नं. १** | दरबारमार्ग र नक्साल भगवती | म्याराथन सुरु हुने समय (बिहान) सडक पूर्ण सफा राख्ने, स्थानीय संघ-संस्था मार्फत धावकहरूलाई ताली र संगीतले स्वागत गर्ने । |
| ३ | **वडा नं. ५** | गहना पोखरी र हाडिगाँउ क्षेत्र हुँदै कालोपुल | तोकिएका चोकहरूमा धावकहरूका लागि स्वच्छ खानेपानी/स्पन्ज डेस्कको व्यवस्थापन र वडा स्तरीय स्वागत टोली परिचालन गर्ने । |

# काठमाडौं महानगरपालिका

## यें महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

काठमाडौं प्लाजा, कमलादी, काठमाडौं, बागमती प्रदेश, नेपाल

प्रशासन विभाग


पत्र संख्याः २०८३/०८४

चलानी नं.:

| क्र.सं. | सम्बन्धित वडा कार्यालयहरू | वडा क्षेत्र भित्र पर्ने मुख्य स्थानहरू | मुख्य जिम्मेवारी तथा कार्य विवरण |
|---|---|---|---|
| ४ | वडा नं. ७ | सिफल चौर जय बागेश्वरी चोक | काठमाडौंको सांस्कृतिक पहिचान झल्कने गरी स्थानीय क्लब एवं आमा समूहहरू मार्फत परम्परागत झाँकी वा बाजागाजा सहित धावकहरूको स्वागत सत्कार गर्ने । |
| ५ | वडा नं. ८,९,३०,२९ | गौशाला क्षेत्र-रातो पुल हुँदै ज्ञानेश्वर - मैतिदेबी मन्दिर हुँदै डिल्लीबजार पुतलीसडक | म्याराथन रुटमा पर्ने मुख्य चोक र टर्निङहरूमा सरसफाइ कायम राखे तथा धावकहरूलाई उत्साह थप्न 'चियरिङ जोन' (Cheering Zone) स्थापना गर्ने। |
| ६ | वडा नं. २८,११,२२,२३ | प्रर्दशनी मार्ग हुँदै भद्रकाली धरहरा- खिचापोखरी न्युरोड | म्याराथन रुटमा पर्ने मुख्य चोक र टर्निङहरूमा सरसफाइ कायम राखे तथा धावकहरूलाई उत्साह थप्न 'चियरिङ जोन' (Cheering Zone) स्थापना गर्ने । |

<u>वडा कार्यालयहरूले गर्नुपर्ने कार्यहरूः</u>

- **मिति २०८३ कार्तिक ७ गते साँझ सम्ममा** म्याराथन रुटमा पर्ने सम्पूर्ण सडक, फुटपाथ र चोकहरूको फोहोर व्यवस्थापन तथा ब्रुमर परिचालन गरी रुट सरसफाइ सुनिश्चित गर्ने ।
- **कार्तिक ८ गते दौड अवधिभर** म्याराथन मार्गमा कुनै पनि किसिमको निर्माण सामग्री, सवारी साधन, वा सडक अवरोध हुन नदिन नगर प्रहरी र स्थानीय ट्राफिक प्रहरीसँग समन्वय गर्ने ।
- धावकहरूलाई आवश्यक पर्न सक्ने आकस्मिक प्राथमिक उपचारका लागि वडाका स्वास्थ्य स्वयंसेवकहरूलाई तयारी अवस्थामा राखे ।

काठमाडौं महानगरपालिकालाई अन्तर्राष्ट्रिय मञ्चमा चिनाउने यो ऐतिहासिक उत्सवलाई भव्य रूपमा सफल पार्न यहाँको वडा कार्यालयको तर्फबाट पूर्ण प्रतिबद्धता र सक्रिय सहयोगको अपेक्षा गरिएको छ।

..................................

महेश कुमार काफ्ले

(विभागीय प्रमुख)

**बोधार्थः**

श्री का.वा.प्रमुखज्यूको सचिवालय,

श्री प्रमुख प्रशासकीय अधिकृतज्यूको सचिवालय,

काठमाडौं महानगरपालिका ।